## संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तका नेपालस्थित प्रतिनिधि रिचर्ड बेनेटद्वारा गरिएको स्वागत टिप्पणी

## यातनाविरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धि तथा यसको ऐच्छिक सन्धिपत्रको राष्ट्रिय अनुकूलन विषयक गोष्ठीमा प्रस्तुत

## होटेल डे एल अन्नपूर्णा, काठमाडौं, २०६४ भदौ २०

नेपालको सन्दर्भमा यातनाविरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धि तथा यसको ऐच्छिक सन्धिपत्रबारे छलफल गर्न आज बिहानको यस गोष्ठीमा तपाईंहरूसँग सम्मिलित हुन पाउनु सुखद कुरा हो। म यस गोष्ठीको आयोजना गरेकोमा एडभोकेसी फोरम र यातना रोकथाम सङ्घलाई धन्यवाद दिन चाहन्छु र म यस पहलमा साझेदार हुन उच्चायुक्तको कार्यालय—नेपाललाई अवसर दिइएकोमा आभार व्यक्त गर्दछु।

यातना तथा अन्य प्रकारका क्रूर, अमानवीय तथा अपमानजनक व्यवहार सर्वाधिक गम्भीर मानवअधिकार उल्लङ्घनहरूमध्ये पर्दछन्। मानवीय प्रतिष्ठा मानवअधिकारको केन्द्रमा हुन्छ र यातनाभन्दा ठूलो मानवीय प्रतिष्ठाको अपमान अरू केही छैन। निश्चय नै यसलाई द्वन्द्वरत दुवै पक्षले नियोजितरूपबाट प्रयोग गरेका थिए। तर, द्वन्द्वको अन्त्य भएकाले अहिले यो छैन भनेर सोच्नु गलत हुनेछ। देशका धेरै भागका थुनास्थलहरूमा मानवअधिकारका यी उल्लङ्घनहरू जारी छन्। त्यसबाहेक, अभद्र व्यवहार र यातना जस्ता कार्यहरू गैरराज्य पात्रहरूद्वारा पनि तिनका समानान्तर 'कानुन कार्यान्वयन' गतिविधिका सन्दर्भमा प्रायः गरिएका छन्। यसरी, यातनातर्फको निगरानी कार्य आज पनि पहिले जति नै महत्त्वपूर्ण रहेको छ।

यातनालाई सम्बोधन गर्ने उच्चायुक्तको कार्यालयको आफ्नै कार्यहरूमा द्वन्द्वका क्रममा भएका नियोजित यातनाको अनुगमन तथा अभिलेखन र प्रहरी हिरासत कक्षहरूको अनुगमन गर्न प्रहरी केन्द्रहरूको नियमित भ्रमणहरू पर्दछन्। गत वर्ष प्रहरी हिरासत वा राष्ट्रिय निकुञ्जका रक्षकहरूको हिरासतमा भएका कतिपय मृत्युहरू यातनाका कारणबाट भएका हुनसक्ने धेरै सम्भावना छ। यस कार्यालयले यातनाका पीडितहरूद्वारा गरिएको न्याय तथा क्षतिपूर्तिको खोजी प्रयासहरूको पनि अनुगमन गरिरहेको छ।

नेपालमा यातना दिनेहरूलाई लगभग पूर्ण दण्डहीनता रहेको छ। नेपालद्वारा यातनाविरुद्धको महासन्धिलाई अनुमोदन गरिए तापनि यस्ता कार्यका लागि कसैलाई पनि अभियोजन गरिएको छैन। राज्यअधिकारीका लागि विद्यमान कानुनअन्तर्गत अभियोजन गर्न तथा अदालतका लागि महासन्धिनिश्रित दायित्वहरूलाई प्रमाणका रूपमा देखाउन सम्भव हुने देखिन्छ। गत वर्ष उच्चायुक्तको कार्यालय-नेपालले भैरवनाथ गणद्वारा भएको यातना तथा बेपत्ता पार्ने कार्यसम्बन्धी एउटा तथा द्वन्द्वको क्रममा मैना सुनुवारको यातना तथा मृत्युसम्बन्धी अर्को गरी दुईवटा प्रतिवेदन प्रकाशित गऱ्यो। यी दुईमध्ये कुनै पनि घटनामा जिम्मेवारहरूको निर्क्योल गर्न तथा तिनलाई सजाय दिन पूर्ण र निष्पक्ष अनुसन्धान भएका छैनन्। ती थाती रहेका धेरै घटनामध्येका दुईवटा मात्र हुन्।

यातनाको कार्यलाई नेपाली कानुनद्वारा परिभाषित नगरिनाले यसलाई फौजदारी कसुर - यातनाविरुद्धको संयुक्त राष्ट्रसङ्घीय समितिद्वारा हालैका आफ्ना निष्कर्षहरूमा पुनः जोड दिइएजस्तै - नमानिनु यस्ता कार्यका पीडकहरूलाई अभियोजन गर्नमा गम्भीर बाधा हो। त्यसैले, यातनाविरुद्धको महासन्धिलाई नेपालमा लागू गर्नेसम्बन्धी आजको गोष्ठी अत्यावश्यक छ।

एउटा महत्त्वपूर्ण सकारात्मक उपलब्धि अन्तरिम संविधानमा गरिएको यातनालाई अपराधकृत गर्ने व्यवस्था हो। तर, यसलाई सम्बोधन गर्ने मस्यौदा विधेयक सार्वजनिक वा संसद्समक्ष पुरस्थापन गरिएको छैन। यातना क्षतिपूर्ति ऐनले क्षतिपूर्ति पाउने अवसरको व्यवस्था गरेको छ तर क्षतिपूर्ति भर्ने कार्य बिरलैमात्र भएको छ र यसले प्राथमिकरूपमा आर्थिक क्षतिपूर्तिमा मात्र जोड दिने हुनाले यो सीमित छ। अन्तर्राष्ट्रिय मापदण्डअनुकूलको कुनै पनि नयाँ कानुनले यातनाका लागि अभियोजन नागरिक अदालतद्वारा मात्र गर्न सकिने तथा सैनिक ऐन, २०६३ - जसले यातनाको

"कसुर"का लागि जिम्मेवार नेपाली सेनाका कर्मचारीलाई विशेष सैन्य अदालतद्वारा पुर्पक्ष गरिनुपर्ने व्यवस्था गरेको छ - लाई संशोधन गर्ने कुराको सुनिश्चित गर्नैपर्छ।

अभद्र व्यवहार तथा यातनालाई रोक्न तथा विशेषगरी यस्ता कार्यका लागि दण्डहीनताको अन्त्य गर्न उपयुक्त उपायहरू अपनाइयोस् भन्ने कुरा सुनिश्चित गर्न संयुक्त कारबाही तथा निरन्तर राजनीतिक अठोटको आवश्यकता हुन्छ। यातनाविरुद्धको महासन्धिका प्रावधानहरू समावेश गर्ने, ऐच्छिक सन्धिपत्रको अनुमोदन गर्ने, राष्ट्रिय फौजदारी कानुनमा यातनालाई अपराध भनी परिभाषित गर्ने तथा जिम्मेवारलाई अभियोजन गर्ने कार्य त्यस उद्देश्यतर्फका महत्त्वपूर्ण कदम हुनेछन्। उच्चायुक्तको कार्यालयल-नेपाल नेपालमा यातनालाई अन्त्य गर्न मद्दत गर्ने सबै पहलमा सघाउन तयार रहेको छ।

धन्यवाद।